# श्री जुगेपानी सामुदायिक वन उपभोक्ता समूह

दोर्दी गा.पा.-१, ढोके, लमजुङ ।

## बोलपत्रद्वारा गोलिया काठ लिलाम बिक्रीको सूचना ।

*(प्रथम पटक प्रकाशित मिति २०८२/१२/२०)*

यस सामुदायिक वनमा साल प्रजातिका रुख कटान, मुछान गर्दा उत्पादन भई दोर्दी-१, झलुङगेपाखामा घाटगद्धी भएका तपसिल वमोजिमको काठ डिभिजन वन कार्यालयको च.नं. १६९३ मिति २०८२/१२/२० को लिलाम सहमती पत्र अनुसार गोप्य सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्रि गर्नु परेकोले लिलाम हुने काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी यो सूचना प्रकाशित गरिएको छ । लिलाम प्रतिस्पर्धामा भाग लिन ईच्छुक काठ, दाउरामा आधारित सूचिकृत उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र बोलपत्र फाराम खरिद गरि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

<u>तपसिल</u>

१. वन पैदावारको विवरण

| लट नम्वर | प्रजाति | किसिम | ग्रेड | थान | परिमाण (क्यूफिट) | न्यूनतम मूल्य रु. | संकलन खर्च रु. |
|---|---|---|---|---|---|---|---|
| १ | साल | गोलिया | A | ११ | १४२।६५ | ३,५१,९७०।५० | ७५,१२१।- |
| | | | B | २३ | १७१।६५ | | |
| | | | C | ११ | २८।८२ | | |
| | | | D | ५ | ६।२७ | | |
| जम्मा | | | | ५० | ३४९।४० | ३,५१,९७०।५० | ७५,१२१।- |

२. वोलपत्र फाराम दस्तुर, फाराम खरिद गर्ने अन्तिम मिति, पेश गर्नुपर्ने अन्तिम मिति र वोलपत्र खोल्ने मिति, समय र स्थान

(क) वोलपत्र फारम दस्तुरः प्रति फाराम रु. १,०००।- (पछि फिर्ता नहुने गरि) यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयवाट र डिभिजन वन कार्यालय लमजुङवाट वैंक भौचर वा नगदी रसिद मार्फत खरिद गर्न सकिनेछ ।

(ख) वोलपत्र खरिद गर्ने मिति र समयः २०८२/१२/२० गते शुक्रवार देखि २०८३/०१/१० गते विहीवार सम्म कार्यालय समय भित्र) (दिनको १० बजेदेखि ५ वजे सम्म) । अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सम्म खरिद गर्न सकिनेछ ।

(ग) वोलपत्र पेश गर्ने मिति, समय र स्थानः २०८३/०१/११ गते शुक्रवार दिनको १२ वजे सम्म उपभोक्ता समूह र डिभिजन वन कार्यालय, लमजुङमा पेश गर्न सकिनेछ । उल्लिखित समय पछि आएका वोलपत्र फारामलाई लिलाम प्रकृयामा समावेश गरिने छैन ।

१५०७

(घ) वोलपत्र खोल्ने मिति, समय र स्थानः पेश भएका वोलपत्रहरु मिति २०८३/०१/११ गते शुक्रवार अपरान्ह ३ बजे सम्वन्धित वोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि, सवडिभिजन वन कार्यालय, दोर्दीका कर्मचारी र अन्य सरकारी निकाय (वडा कार्यालय आदि) को प्रतिनिधिको रोहवरमा सा.व.उ.स.को कार्यालयमा खोलिने छ । वोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वोलपत्र खोलिनेछ ।

३. लिलाममा भाग लिन ईच्छुक वोलपत्रदाताले काठ दाउरामा आधारित उद्योग दर्ता/नविकरण तथा सूचिकृत प्रमाणपत्र, मूल्य अभिवृद्दि कर दर्ता वा स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र, आ.व. २०८१/८२ को करचुक्ता भएको प्रमाणपत्र र कसैलाई आधिकारीक प्रतिनिधि तोकेको भए सोको पत्र र निजको नागरिकता प्रमाणपत्र वोलपत्र साथ पेश गर्नुपर्नेछ ।

४. वोलपत्र साथ कवुल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य वैंक, वेसीसहर शाखामा रहेको JUGEPANI DHOKE SAUDAYEK BAN UPABHOT खाता नं. 23801001085035000001 मा जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि मान्य भएको वैंक ग्यारेन्टी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

५. वोलपत्र सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. वोलपत्र लिलाम बिक्री सदर गर्ने नगर्ने अधिकार उपभोक्ता समूहको कार्यसमितिमा रहनेछ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्रास भएको ४५ दिनभित्र सकारकर्ताले सकार गरेको रकम, संकलन खर्च, मूल्य अभिवृद्दि कर र प्रदेश सेवा शुल्क रकम समेत वुझाई लिलाम सकार गरेको काठ आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ ।

८. वोलपत्र सकार गरिएको रकम, संकलन खर्च, मू.अ.कर र प्रदेश सेवा शुल्क निर्धारित समय भित्र दाखिला नगरेमा वा लिलाम सकार गरेको काठ लैजान ईन्कार गरेमा धरौटी स्वरुप दाखिला गरेको रकम जफत गरि नियमानुसार दोश्रो धेरै रकम सकार गर्ने फर्मको नाममा लिलाम सदर गरिनेछ ।

९. अन्य थप जानकारीको लागि उपभोक्ता समूहको कार्यालय, डिभिजन वन कार्यालय र सवडिभिजन वन कार्यालय, दोर्दीमा सम्पर्क राखी वुझ्न सकिनेछ ।

१०. यसमा उल्लिखित कुनै विषयमा कुरा वाझिएमा वा अष्पष्ट भएमा प्रचलित वन ऐन, नियम तथा प्रचलित कानुन वमोजिम हुनेछ ।

वसन्ता माया गिरी
अध्यक्ष
सम्पर्क नं. ९८४६५६७२०३